**नेपाल स्टक एक्सचेन्ज लिमिटेड**

**सिंहदरबार प्लाजा, काठमाण्डौं ।**

**मिति २०६७/३/२५ गते शुक्रवार देखि २०६७/३/३१ गते बिहीबार सम्मको कारोबार**

यस साता नेपाल स्टक एक्सचेन्जमा ९६ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ३१३७ कारोबारबाट १३ करोड ५६ लाख ९४ हजार रुपैयाँ बराबरका ३ लाख ९५ हजार ८ सय २० कित्ता शेयरहरु खरीद विक्री भएका छन् । गत साता १०९ कम्पनीहरुको कारोबार भएको थियो, जसअनुसार ४१४७ कारोबारबाट १४ करोड १८ लाख ३० हजार रुपैयाँ बराबरका ३ लाख १० हजार ९ सय ९० कित्ता शेयरहरु खरीद बिक्री भएका थिए । कारोबार रकममा गत साताको तुलनामा ४.३७ प्रतिशतले ऱ्हास भएको हो । कूल कारोबार मध्ये 'क' वर्गका कम्पनीहरुको मात्र ८ करोड ५३ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ६२.९३ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा १७.७१ अंकले वृद्धि भई अन्तिम दिन ४७७.७३ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह<br>दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बिमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ४३६.३९ | ४२७.८९ | ३९९.५० | ५२८.७३ | ७४८.२९ | २८२.०८ | ५४९.२३ | ३९९.१२ | ४७२.१७ | ४६०.०२ | ११२.११ | ४२.६५ |
| दोस्रो | ४३७.०१ | ४२७.८९ | ३९९.५० | ५३५.७८ | ७५२.९५ | २८२.०८ | ५४४.१९ | ३९९.१८ | ४७३.२५ | ४६१.६२ | ११२.३९ | ४२.६४ |
| तेस्रो | ४४०.८८ | ४२७.८९ | ३९९.५० | ५३५.७८ | ७७८.१८ | २८२.०८ | ५४२.७८ | ३९८.३७ | ४७६.०१ | ४६४.६५ | ११३.४३ | ४३.०३ |
| चौथो | ४४२.४६ | ४२७.८९ | ३९९.५० | ५३८.१३ | ८२१.७६ | २८२.०८ | ५४४.७६ | ३९७.५७ | ४७८.४० | ४६७.३३ | ११३.७६ | ४३.२५ |
| | ४५६.९३ | ४२७.८९ | ४००.२६ | ५४०.४८ | ८८१.०० | २८२.०८ | ५४८.५२ | ३९७.३८ | ४७८.५३ | ४७७.७३ | ११६.१४ | ४४.३० |
| परिवर्तन | **४३६.३९** | **४२७.८९** | **३९९.५०** | **५२८.७३** | **७४८.२९** | **२८२.०८** | **५४९.२३** | **३९९.१२** | **४७२.१७** | **४६०.०२** | **४.०२** | **१.६५** |

'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ४.०२ अंकले वृद्धि भई ११६.१४_अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (२ करोड १८ लाख रुपैयाँ) को आधारमा बैंक अफ काठमाण्डू, शेयर संख्या (७५५३३ कित्ता) भृकुटी विकास बैंक (संस्थापक ) र कारोवार संख्या (३८२ वटा) को आधारमा एसियन लाइफ इन्स्योरेन्स कम्पनी अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | बैंक अफ काठमाण्डू | २१.८८ |
| २ | स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड | ९.५४ |
| ३ | भृकुटी विकास बैंक (संस्थापक ) | ९.४४ |
| ४ | चिलिमे हाइड्रो पावर कम्पनी | ८.८४ |
| ५ | नबिल बैंक | ८.०६ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

## सूचिकरण

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | अन्नपूर्ण विकास बैंक | हकप्रद | ४६,२०,००० कित्ता |
| २ | सिद्धार्थ बैंक | बोनस | ३४,३४,९८० कित्ता |
| ३ | साल्ट ट्रेडिङ लि. | बोनस | ४३,२२० कित्ता |
| ४ | भृकुटी विकास बैंक | बोनस | २,११,४२० कित्ता |
| ५ | नेरुडे लघुवित्त विकास बैंक | साधारण | २,००,००० कित्ता |
| ६ | निलगिरि विकास बैंक | साधारण | ५,००,००० कित्ता |
| ७ | सिद्धार्थ बैंक | ऋणपत्र | २२,७७० थान |